# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ साउन १८ गतेका निर्णयहरू

| क.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अरुण-३ जलविद्युत परियोजना विकासको लागि विकासकर्ता कम्पनी र नेपाल सरकार (लगानी बोर्ड) बिच भएको परियोजना विकास सम्झौता बमोजिम डा. पवन कुमार श्रेष्ठ, डा. पवन कुमार भट्टराई र डा. गणेश प्रसाद न्यौपाने विषयविज्ञ रहेको Project Review Panel (PRP) गठन गर्ने, PRP Agreement स्वीकृत गर्ने र नेपाल सरकारको तर्फबाट उक्त PRP Agreement मा हस्ताक्षर गर्ने अख्तियारी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | (क) नेपालमा शाखा दर्ता गरेर वा स्थायी संस्थापनको रूपमा दर्ता रहेका एमसिए-नेपालको काम गर्ने निर्माण वा सेवा प्रदायक कम्पनीको MCC Funding (नेपालको योगदानसमेत) बाट आर्जित आयमा आय वर्ष २०८२/८३ को लागि आर्थिक ऐन,२०८२ को दफा १८ को उपदफा (१) बमोजिम आयकर छुट दिने। यसरी दिइएको छुटको जानकारी नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गर्ने।<br>(ख) नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पोरेशनबिच १४ सेप्टेम्बर, २०१७ मा हस्ताक्षर भएको सहायता सम्झौताको धारा ३ को उपधारा ३.५ Implementation Letter: Mechanisms to Implement Tax Exemption of MCC Funding विषयक कार्यान्वयन पत्र स्वीकृत गर्ने। |
| ३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यको सेवाको शर्त र अन्य सुविधा तोक्ने। |
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सहसचिवहरू श्री निर्मला अधिकारी भट्टराई (हाल कायममुकायम सचिव, सत्य निरुपण तथा मेलमिलाप आयोग) र श्री इन्दिरा दहाल भट्टराईलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी क्रमशः सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव र नेपाल कानून आयोगको सचिव पदमा पदस्थापन गर्ने। |
| ५ | खानेपानी मन्त्रालय | २०८२ भदौ १० देखि १२ गतेसम्म मलेसियामा आयोजना हुने Mentee Visit to SPAN, Malaysia for Regulatory Reform in Nepal विषयक अनुभव आदान-प्रदान कार्यक्रममा खानेपानी मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने। |
| ६ | गृह मन्त्रालय | २०८२ असोज ६ देखि १७ गतेसम्म Denmark को Copenhagen मा आयोजना हुने United Nations Senior National Planners Course for National Planners from Troop and Police Contributing Countries (T/PCCS) विषयक कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजन अधिकारी र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री बंशी राज दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ७ | गृह मन्त्रालय | आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) बमोजिम आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | नेपालमा The United Nations Office for Project Services (UNOPS) को कार्यालय स्थापना तथा सञ्चालन गर्नेसम्बन्धी संलग्न Letters of Exchange स्वीकृत गर्ने र नेपाल सरकारको तर्फबाट हस्ताक्षर गरी उक्त आदानप्रदानपत्र UNOPS मा पठाउन परराष्ट्र सचिवलाई अख्तियारी प्रदान गर्ने। |
| ९ | भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको काठमाडौं जिल्ला साविक थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ८ख को तीन रोपनी जग्गा चन्द्रागिरि नगरपालिका ७ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने प्रयोजनका लागि र वडा नं. २ख को तीन रोपनी जग्गा चन्द्रागिरि नगरपालिका ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि चन्द्रागिरि नगरपालिका, काठमाडौंलाई उपयोग गर्न स्वीकृति दिने। |
| १० | युवा तथा खेलकुद मन्त्रालय | युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षमा श्री अनिल राज पौडेल, चितवनलाई नियुक्त गर्ने। |
| ११ | वन तथा वातावरण मन्त्रालय | युनाइटेड मेवा खोला हाईड्रोपावर लिमिटेडलाई ताप्लेजुङ जिल्लाको मेरिङदेन गाउँपालिकाको वडा नं ३ मेवा खोला जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वनको ३.३७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | जलशक्ति हाइड्रो कम्पनी लि.लाई इलेप (तातोपानी) खोला जलविद्युत आयोजना निर्माणको लागि धादिङ्ग जिल्लाको रुविभ्याली गाउँपालिका वडा नं ४ मा रहेको राष्ट्रिय वनको ३.६३२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | २०८२ साउन २६ देखि २७ गतेसम्म गणतन्त्र कोरियामा आयोजना हुने Ewha International Workshop on Climate-Induced Landslides and Sustainable Recovery कार्यक्रममा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री माननीय रुपा वि.क.लाई स्वीकृति प्रदान गर्ने। |
| १४ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| १५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | चुलु सुदुर पूर्व चुली हिमाल आरोहणका लागि खुला गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने। |
| १६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | संयुक्त अरब इमिरेट्सको दुबईमा सञ्चालन हुने २८ औं UPU Congress कार्यक्रममा २०८२ भदौ २३ देखि २९ गतेसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १७ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ स्वीकृत गर्ने। | |
| १८ | राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ स्वीकृत गर्ने। | |